तमसोमा ज्योतिर्गमय
Let there be sight
नेपाल नेत्रज्योति संघ

# नेपाल नेत्रज्योति संघ
NEPAL NETRA JYOTI SANGH
केन्द्रीय कार्यालय, काठमाडौं

बुलेटिन
वर्ष ८, अंक १, पूर्णाङ्क १७
Nov.-Dec. 2016, मंसिर २०७३

# नेपाल नेत्रज्योति संघको २३ औं अधिवेशन सम्पन्न




नेपाल नेत्रज्योति संघको केन्द्रीय सभाको तेइसौँ अधिवेशन २०७३ बैशाख १० र ११ गते कास्की जिल्लाको प्रमुख पर्यटकीय नगरी पोखरामा सम्पन्न भएको थियो । नेपाल नेत्रज्योति संघ, कास्की शाखा तथा हिमालय आँखा अस्पताल, पोखराको संयुक्त आयोजनामा सम्पन्न उक्त अधिवेशनको सभापतित्व संघका केन्द्रीय अध्यक्ष प्रा.डा. तीर्थप्रसाद मिश्रले गर्नुभएको थियो भने प्रमुख अतिथि माननीय उपप्रधान मन्त्री एवं महिला, बालबालिका तथा समाज कल्याण मन्त्री चन्द्रप्रकाश मैनालीले पानसमा बत्ती बालेर अधिवेशनको उद्घाटन गनुभएको थियो ।

संघका केन्द्रीय सदस्य तथा स्थानीय आयोजक कास्की शाखाका सभापति प्रा.डा. दीलबहादुर क्षेत्रीको स्वागत मन्तव्यसहित प्रारम्भ भएको सो कार्यक्रममा संघका महासचिव श्यामकुमार पोखरेलले नेपाल नेत्रज्योति संघ केन्द्रीय कार्यसमितिका गतिविधिहरूका बारेमा प्रकाश पार्नुहुँदै संघले विशुद्ध सामाजिक भावनाले आँखा स्वास्थ्य सेवा प्रदान गर्दै आएको र संघले आफ्ना सेवाहरूलाई अधिकतम जनसमुदायसम्म पुऱ्याउने प्रयत्न गर्दै आएको जानकारी गराउनु भयो ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै प्रमुखअतिथि माननीय उपप्रधान तथा महिला, बालबालिका तथा समाजकल्याण मन्त्री चन्द्रप्रकाश मैनालीले संघले आँखा स्वास्थ्यका क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा गर्नुहुँदै संघले धेरै मानिसलाई गुमेको ज्योति फर्काउने काम गरेर देशलाई नै ठूलो गुन लगाएको, संघ र सरकारबीच राम्रो सहकार्य भैरहेको र आगामी दिनमा संघलाई सरकारको सहयोग बढाउनेतर्फ आफूले पहल गर्ने बताउनु भयो । कार्यक्रममा प्रमुखअतिथि उपप्रधानमन्त्री तथा महिला, बालबालिका तथा समाज कल्याण मन्त्री सि.पी. मैनालीले यस वर्ष संघद्वारा प्रदान गरिएको सम्मान तथा पुरस्कार वितरण गर्नुभएको थियो ।

तेईसौं केन्द्रीय सभाको अधिवेशनलाई सम्बोधन गर्दै संघका संरक्षक प्रा.डा. रामप्रसाद पोख्रेलले संघले आफ्नो सेवालाई दिगो बनाउन जनशक्ति उत्पादनमा जोड दिनुका साथै स्वनिर्भरताको नीतिलाई अवलम्बन गर्दै लानुपर्ने तथा जनसहभागिता बढाउँदै लैजानुपर्ने सुझाव दिनु भएको थियो । अधिवेशन उद्घाटन कार्यक्रममा केन्द्रीय कार्यसमिति सदस्य तथा पश्चिमाञ्चल क्षेत्रीय सदस्य सागरप्रताप राणा, सम्मानित व्यक्तित्व कास्की शाखाका डा. नन्द श्रेष्ठ, संघका विकास साझेदार संस्थाहरूका तर्फबाट NABP का नेपाल प्रतिनिधि हरिशरण बिष्ट, तथा नेपाल उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष आनन्दराज मुल्मीले संघको २३ औँ अधिवेशनको सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो ।

अधिवेशनको उद्घाटन सत्रको समापन गर्दै संघका केन्द्रीय अध्यक्ष प्रा.डा. तीर्थप्रसाद मिश्रले यस अधिवेशनले संघका सामू विद्यमान चुनौतीहरूको समीक्षा गर्दै अगाडी बढन मार्गदर्शन प्रदान गर्ने विश्वास व्यक्त गर्नु भएको थियो । वहाँले संघले जनचेतना अभिबृद्धि, जनशक्तिको उत्पादन, अनुसन्धान तथा सेवाको गुणस्तरमा सुधारका लागि महत्वपूर्ण कार्य गर्दै आएको बताउनु हुँदै संघले आफ्नो भविष्यद्रष्टा रणनीति तयार पारिसकेको जानकारी समेत गराउनु भएको थियो ।

सोही कार्यक्रममा कास्कीका समाजसेवी तथा वरिष्ठ मानवअधिकारकर्मी टेकनाथ बरालले मरणोपरान्त आँखा दानको घोषणा गर्नुभएको थियो भने प्रमुख अतिथि उपप्रधान तथा महिला, बालबालिका तथा समाजकल्याण मन्त्री माननीय चन्द्रप्रकाश मैनालीलाई संघका केन्द्रीय अध्यक्ष प्रा.डा. तीर्थप्रसाद मिश्र तथा कास्की शाखाका सभापति प्रा.डा. दीलबहादुर क्षेत्रीले मायाको चिनो प्रदान गर्नुभएको थियो ।

दुई दिनसम्म सञ्चालित उक्त अधिवेशनले संघका केन्द्रीय महासचिव श्यामकुमार पोखरेलले प्रस्तुत गर्नुभएको वार्षिक प्रतिवेदन तथा कोषाध्यक्ष बामदेव खनालले प्रस्तुत गर्नुभएको आर्थिक प्रतिवेदनलाई सर्वसम्मतिले पारित गरेको थियो । सोही अधिवेशनले संघको ९ बुँदे प्रस्तावलाई समेत पारित गरेको थियो । अधिवेशनको अन्त्यमा विगत एक वर्षमा दिवंगत संघका साधारण, आजीवन तथा यशस्कर सदस्यहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै एक मिनेट मौन धारण गरिएको थियो ।

# आँखा स्वास्थ्य सेवा मूल्याङ्कनसम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न




नेपाल नेत्रज्योति संघले गत भाद्र ३ गते (१९ अगष्ट २०१६) विश्व स्वास्थ्य संगठनको आँखा उपचार सेवाको मूल्याङ्कन विधिको प्रयोग गर्दै संघद्वारा तयार पारिएको आँखा उपचार सेवाको मूल्याङ्कनसम्बन्धी प्रतिवेदन (WHO Eye care Service Assessment Dissemination) सार्वजनिक गर्ने उद्देश्यले एक गोष्ठीको आयोजना गरेको थियो । फ्रेड होलोज फाउण्डेसन, अष्ट्रेलिया तथा IAPB को सहयोगमा सञ्चालित उक्त गोष्ठीमा उक्त अध्ययन प्रतिवेदनले पहिल्याएका आँखा स्वास्थ्य क्षेत्रका प्रमुख समस्या र चुनौतीहरुका बारेमा छलफल गरिएको थियो । गोष्ठीको मुख्य उद्देश्य विश्व स्वास्थ्य संगठनले निर्धारण गरेको सन् २०१९ सम्ममा निवारणयोग्य अन्धोपनलाई २५ प्रतिशतले घटाउने लक्ष्य पूरा गर्नका लागि प्रभावकारी नीति तथा रणनीतिहरुको विकास गर्न सघाउ पुऱ्याउनु रहेको थियो ।

गोष्ठीको उद्घाटन सत्रमा त्रि.वि. वी.पी. कोइराला लायन्स अन्तर्राष्ट्रिय नेत्रविज्ञान अध्ययन केन्द्रका निर्देशक डा. डी. एन. साह, नेपाल अप्थाल्मिक सोसायटीका अध्यक्ष डा. सञ्जय सिंह, तिलगङ्गा नेत्र प्रतिष्ठानका प्रमुख कार्यकारी अधिकृत डा. रीता गुरुङ, राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठानका डीन डा. याहुन सिवाकोटी, स्वास्थ्य मन्त्रालयका प्रतिनिधि राजीव पोखरेल, IAPB का दक्षिण पूर्वी एशिया क्षेत्रका क्षेत्रीय संयोजक युद्धध्वज सापकोटा तथा नेपाल नेत्रज्योति संघका कार्यक्रम निर्देशक शैलेसकुमार मिश्रलगायतले गोष्ठीको महत्व र यसका उपलब्धिहरुका बारेमा चर्चा गर्नु भएको थियो । उक्त कार्यशाला गोष्ठीमा IAPB का दक्षिण पूर्वी एशिया क्षेत्रका क्षेत्रीय संयोजक युद्धध्वज सापकोटाले Global Action Plan का बारेमा आफ्नो प्रस्तुति प्रस्तुत गर्नुभएको थियो भने संघका कार्यक्रम निर्देशक शैलेसकुमार मिश्रले WHO Eye care Service Assessment का tools तथा उपलब्धिहरुका बारेमा जानकारी गराउनु भएको थियो । गोष्ठीमा उक्त प्रतिवेदनका विविध पक्षमा छलफल गराई सुझाव प्रस्तुत गर्न सहभागीहरुलाई ६ समूहमा विभाजन गरिएको थियो । प्रत्येक समूहले समूहगत छलफलपश्चात विभिन्न सुझावहरु दिएको थियो ।

कार्यक्रमको अन्त्यमा संघका अध्यक्ष प्रा.डा. मिश्रले गोष्ठी निकै फलदायी भएको बताउनु हुँदै सहभागीहरुबाट प्राप्त सुझावहरुले प्रतिवेदनलाई थप सुधार गर्न सघाउ पुग्ने विश्वास व्यक्त गर्नुभयो । वहाँले प्राप्त सुझावहरुलाई समेत समेटेर आवश्यक परिमार्जन गरी प्रतिवेदन सबै सरोकारवालालाई पठाइने जानकारी पनि दिनुभयो । अध्यक्ष प्रा.डा. मिश्रले गोष्ठी आयोजन गर्न सहयोग गर्ने फ्रेड होलोज तथा IAPB लाई पनि धन्यवाद दिनुभयो ।

# संघको २३ औं केन्द्रीय अधिवेशनमा विभिन्न व्यक्तित्वहरू सम्मानित एवं पुरस्कृत

नेपाल नेत्रज्योति संघको २३ औं केन्द्रीय अधिवेशनको अवसरमा संघमा आवद्ध रही आ-आफ्नो क्षेत्रमा उत्कृष्ट सेवा गर्ने समाजसेवी, जिल्ला शाखा, नेत्रविशेषज्ञ, नेत्रसहायक तथा कर्मचारीहरूलाई विभिन्न सम्मान तथा पुरस्कार प्रदान गरिएको छ । संघको २३ औं अधिवेशनमा संघद्वारा सम्मानित तथा पुरस्कृत हुनुहुने समाजसेवी, शाखा, नेत्रविशेषज्ञ, नेत्रसहायक तथा कर्मचारीहरूको विवरण यसप्रकार रहेको छ;

**(क) नेत्रज्योति रविशमशेर ज.व.रा. उत्कृष्ट समाजसेवी सम्मान पुरस्कार**

| क्र.सं. | पुरस्कृत समाजसेवीहरू | योगदानको क्षेत्र |
|---|---|---|
| १. | डा. नन्द श्रेष्ठ (कास्की शाखा) | संघलाई पुऱ्याएको अतुलनीय सेवा र योगदानका लागि |
| २. | डा. शम्भूप्रसाद लाखे (काठमाडौं) | संघलाई पुऱ्याएको अतुलनीय सेवा र योगदानका लागि |
| ३. | बाँके जिल्ला शाखा | संघको उन्नति र प्रगतिमा पुऱ्याएको उल्लेखनीय योगदानका लागि |

**(ख) नेत्रज्योति डा. निकोल ग्रासेट सम्मान पुरस्कार**

| क्र.सं. | पुरस्कृत व्यक्तित्व | योगदानको क्षेत्र |
|---|---|---|
| १. | डा. रघुनन्दन ब्यॉञ्जु (चिफ मेडिकल डाइरेक्टर, भरतपुर आँखा अस्पताल) | आँखा स्वास्थ्य उपचार सेवामा पुऱ्याएको उल्लेखनीय योगदानका लागि |

**(ग) नेत्रज्योति सम्मान पुरस्कार**

| क्र.सं. | पुरस्कृत व्यक्तित्व | योगदानको क्षेत्र |
|---|---|---|
| १. | श्री सूर्य बहादुर बस्नेत (नेत्र सहायक, गुल्मी आँखा उपचार केन्द्र) | लामो समयदेखि संघमा आवद्ध रहि उत्कृष्ट सेवा प्रदान गरेवापत |
| २. | श्री रियाजुद्दीन रैइन (नेत्र सहायक, गौर आँखा अस्पताल) | लामो समयदेखि संघमा आवद्ध रहि उत्कृष्ट सेवा प्रदान गरेवापत |

# प्रा.डा. तीर्थप्रसाद मिश्र (IAPB) को कार्यकारी सदस्य निर्वाचित



नेपाल नेत्रज्योति संघका केन्द्रीय अध्यक्ष प्रा.डा. तीर्थप्रसाद मिश्र अन्धोपन निवारणका क्षेत्रमा क्रियाशील अन्तर्राष्ट्रिय संस्था International Agency for the Prevention of Blindness- IAPB को बोर्ड सदस्यमा निर्वाचित हुनुभएको छ । गत २७-३० अक्टोवर २०१६ मा दक्षिण अफ्रिकाको डर्वन सहरमा सम्पन्न IAPB को दसौं साधारण सभाबाट आगामी चार वर्षका लागि बोर्ड सदस्य पदमा निर्वाचित हुनुभएको हो । यस निर्वाचनमा प्रा.डा. मिश्रको नामलाई सेवा फाउण्डेसनले प्रस्ताव गरेको थियो भने अरविन्द आई केयर सिस्टम, भारतले समर्थन गरेको थियो । स्मरणीय छ, प्रा.डा. मिश्र अन्धोपन यसपूर्व पनि सन् २०१४ मा दुई वर्षका लागि अस्थायी बोर्ड सदस्यका रुपमा निर्वाचित हुनुभएको थियो ।

# नेत्रज्योति दिवसमा दृष्टि-सचेतना कवि गोष्ठी



नेपाल नेत्रज्योति संघको ३८ औं वार्षिक दिवस गत चैत १३ गते २०७२ मा एक विशेष कार्यक्रमको आयोजना गरी मनाइयो। यस वर्ष संघले कविताका माध्यमबाट आँखा स्वास्थ्य चेतना अभिबृद्धि गर्ने उद्देश्यका साथ वार्षिक दिवसका उपलक्ष्यमा ‘दृष्टि-सचेतना कवि गोष्ठी’ को आयोजना गरेको थियो। गोष्ठीमा देशका ख्यातीप्राप्त कवि तथा कवयत्रीहरुबाट आँखा र दष्टिको महत्वलाई केन्द्रबिन्दुमा राखेर सिर्जना गरिएका कविताहरु वाचन गरिएको थियो।

राष्ट्रकवि माधव घिमिरेको प्रमुखआतिथ्यता तथा संघका संस्थापक सदस्यद्वय कमलमणि दीक्षित तथा राजकृष्ण श्रेष्ठको विशेष आतिथ्यतामा सम्पन्न उक्त गोष्ठीमा कविहरु प्रा.डा. जीवराज पोखरेल, (उपकुलपति, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान), डा. विष्णुविभू घिमिरे, (उपकुलपति, नेपाल प्रज्ञा प्रतिष्ठान), अशेष मल्ल, तुलसी दिवस, धीरेन्द्र प्रेमर्षि, भूवन ढुङ्गाना, डा. केदार न्यौपाने, महेश प्रसाईं, रमेश खकुरेल, गोविन्दराज बिनोदी, उषा शेरचन, प्रह्लाद पोखरेल, भूवनहरि सिग्देल, प्रभा भट्टराई, प्रा. कोषराज न्यौपाने र प्रा.डा. घनश्याम भट्टराईले आ-आफ्ना कविताहरु वाचन गर्नुभएको थियो। गोष्ठीमा वाचन गरिएका कविताहरुको प्रा. कोषराज न्यौपानेले सङ्क्षीप्त समीक्षा गर्नुभएको थियो।

सोही कार्यक्रममा संघले समाजसेवी, दात्रीसंस्थाका प्रतिनिधि तथा कर्मचारीहरुलाई सम्मान, पदक तथा पुरस्कार पनि प्रदान गरेको थियो। प्रमुखअतिथि माधव घिमिरेले कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै बाह्य आँखा मात्र हैन मानिसको भित्री आँखा पनि खुल्नु आवश्यक रहेको चर्चा गर्नुहुँदै मानवजीवनमा आँखाको महत्व सर्वोपरी रहेको बताउनु भयो। नेपाल नेत्रज्योति संघले गरेको आँखा स्वास्थ्य सेवा हामी सबैका लागि वरदानसरह भएको र यो सेवा नहुँदो हो त हामी धेरैले संसार हेर्ने दृष्टि पाउने थिएनौं भन्नुहुँदै राष्ट्रकवि घिमिरेले आँखाका बारेमा लेखिएका र वाचन गरिएका कविताहरु अद्भूत छन्, यी कविता आँखाको महत्व बारे मानिसको हृदयलाई नै स्पर्श गर्न सक्षम छन् भन्नुभयो। वहाँले संघको आँखाको अभियान निरन्तर सक्रिय रहोस भन्ने शुभकामना पनि दिनुभयो।

संघका महासचिव श्यामकुमार पोखरेलले स्वागत मन्तव्य दिनुहुँदै कविताको माध्यमबाट आँखा सचेतना जगाउने नयाँ प्रयोग गरिएको उल्लेख गर्नुभएको थियो भने संघका कार्यक्रम निर्देशक शैलेसकुमार मिश्रले नेपाल नेत्रज्योति संघको परिचय र गतिविधिबारे जानकारी गराउनु भएको थियो। कार्यक्रममा सभापतिको आसनबाट संघका केन्द्रीय अध्यक्ष प्रा.डा. तीर्थप्रसाद मिश्रले सर्जकहरु पनि चेतनाका प्रमुख सम्बाहक हुन् र समाजका एक प्रमुख सरोकार पक्षका रुपमा कविहरुका माध्यमबाट जनचेतनाका परम्परागत माध्यमहरुबाट समेत पुग्न नसकिएका सर्वसाधारणसम्म पुग्ने संघको पहिलो प्रयत्न भएको जानकारी गराउनु भएको थियो। यसले संघजस्ता स्वास्थ्य संस्था र सर्जकहरुबीचको सम्बन्ध विकास र सहकार्यमा सकारात्मक योगदान पुग्ने विचार पनि अध्यक्ष प्रा.डा. मिश्रले व्यक्त गर्नुभयो।

सोही कार्यक्रममा दुईवटा कृतिको समेत विमोचन गरिएको थियो। संघबाट अर्विस इन्टरनेसनलको सहयोगमा तयार पारी प्रकाशन गरिएको “शिक्षक निर्देशिका पुस्तक”को नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानका उपकुलपति प्रा.डा. जीवराज पोखरेलले विमोचन गर्नुभएको थियो भने संघका कर्मचारी चन्द्रलाल तामाङद्वारा रचित कविता कृति ‘मनको तरङ्ग’ को संस्थापक सदस्य कमलमणि दीक्षितले विमोचन गर्नुभएको थियो।

कार्यक्रममा संघका कोषाध्यक्ष बामदेव खनाल, केन्द्रीय सदस्य पद्मनारायण चौधरी, द्रोणप्रसाद गुरागाईं, संघका आजीवन सदस्यहरु, नेपाल आँखा अस्पतालका अध्यक्ष विश्वकान्त मैनाली, तिलगङ्गा नेत्रप्रतिष्ठानका प्रतिनिधि, संघका कर्मचारीहरु समेतको उपस्थिति रहेको थियो।

# नेत्रज्योति दिवसमा सम्मान तथा पुरस्कार वितरण

नेपाल नेत्रज्योति संघको ३८ औं वार्षिक दिवस गत चैत १३ गते २०७२ मा एक विशेष कार्यक्रमको आयोजना गरी मनाइयो। ‘दृष्टि(सचेतना कवि गोष्ठी’ को रुपमा मनाइएको उक्त वार्षिक दिवसका अवसरमा संघलाई विभिन्न क्षेत्रबाट सार्थक योगदान पुर्‍याउनु हुने विभिन्न व्यक्ति तथा संस्थाहरुलाई सम्मान, पदक तथा पुरस्कार प्रदान गरिएको थियो। कार्यक्रममा संघका पूर्व कोषाध्यक्ष प्रा.डा. गोविन्दराम अग्रवाल, तथा संघको पर्सा जिल्ला शाखाका संस्थापक विश्वनाथ साहलाई संघले रु. ५०,०००।- को पुरस्कारसहित विशेष सम्मान प्रदान गरेको थियो। यसैगरी संघलाई सहयोग पुर्‍याउँदै आएका विकास साझेदार संस्थाहरुका तर्फबाट ल्व्यिए का प्रोजेक्ट मेनेजर हरिशरण बिष्टलाई पनि सम्मान गरिएको थियो। सम्मानित व्यक्तित्वहरु क्रमशः प्रा.डा. गोविन्दराम अग्रवालले सोही कार्यक्रममा आफूले प्राप्त गरेको पुरस्कार राशी डा. रामप्रसाद पोखेल आँखा अस्पताल, धनकुटालाई र विश्वनाथ साहले संघको पर्सा जिल्ला शाखालाई हस्तान्तरण गरेको घोषणा गर्नुभएको थियो।

सोही कार्यक्रममा संघमा २५ वर्षसम्म अनवरत सेवा प्रदान गर्ने कर्मचारीहरु क्रमशः आन्तरिक लेखापरीक्षण विभागका प्रमुख बद्रिप्रसाद मैनाली तथा सहायक जगन्नाथ धिताललाई दीर्घसेवा पदक प्रदान गरिएको थियो।

# क्षमता अभिबृद्धि कार्यशाला गोष्ठी सम्पन्न

नेपाल नेत्रज्योति संघ, केन्द्रीय कार्यालयद्वारा गत भाद्र ४ तथा ५ गते काठमाडौंमा संघअन्तर्गतका अस्पतालका व्यवस्थापक, राप्ती आँखा अस्पताल तथा गेटा आँखा अस्पतालका मेडिकल डाइरेक्टरहरु तथा अस्पताल व्यवस्थापन समितिका अध्यक्षहरुका लागि आर्थिक तथा प्रशासनिक क्षमता अभिबृद्धि कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । दुई दिनसम्म चलेको सो गोष्ठीमा इन्द्र श्रेष्ठले Participatory Management विषयमा, प्रा.डा. महानन्द चालिसेले Leadership विषयमा, डा. गोविन्द तामाङले Total Quality Management विषयमा, डा. अतीन्द्र दाहालले Crisis Management विषयमा, शिवप्रसाद जैशीले Financial Managment विषयमा, प्रा.डा. घनश्याम भट्टराईले Social Audit विषयमा, तथा शैलेसकुमार मिश्रले Planning विषयमा सहभागीहरुलाई प्रशिक्षित गर्नुभएको थियो ।

गोष्ठीको समापनमा संघका केन्द्रीय अध्यक्ष प्रा.डा. तीर्थप्रसाद मिश्रले यसप्रकारको कार्यक्रमले अस्पताल व्यवस्थापक तथा अस्पताल व्यवस्थापन समितिका पदाधिकारीहरुलाई अस्पतालको सुसञ्चालन तथा व्यवस्थापनमा महत्वपूर्ण लाभ मिलेको धारणा व्यक्त गर्नुहुँदै यसबाट आगामी दिनमा अस्पतालका विभिन्न प्रशासनिक तथा आर्थिक गतिविधिहरुमा अझ सुधार आउने विश्वास समेत व्यक्त गर्नुभयो । कार्यक्रममा संघका महासचिव श्यामकुमार पोखरेल, कोषाध्यक्ष बामदेव खनाल, केन्द्रीय सदस्य एवं लुम्बिनी नेत्रविज्ञान संस्थानका अध्यक्ष सागरप्रताप राणा, ल्ब्द्यए का प्रोजेक्ट मेनेजर हरिशरण बिष्ट, गेटा आँखा अस्पतालका व्यवस्थापन समिति अध्यक्ष जीवनाथ जैशी, प्रा.डा. घनश्याम भट्टराई, राप्ती आँखा अस्पतालका मेडिकल डाइरेक्टर डा. सुलक्ष्मी कटुवाल, केन्द्रीय कार्यालयका लेखाअधिकृत कुशल पराजुलीलगायतले कार्यक्रमको महत्व र उपलब्धीबारे प्रकाश पार्नु भएको थियो ।

# भोजपुर आँखा अस्पताल भवनको शिलान्यास



नेपाल नेत्रज्योति संघको भोजपुर शाखाद्वारा निर्माण गर्न लागिएको आँखा अस्पताल भवनको गत ३० सेप्टेम्बर २०१६ मा नेपालका लागि जापानका राजदूत महामहीम तथा संघका केन्द्रीय अध्यक्ष प्रा.डा. तीर्थप्रसाद मिश्रले संयुक्त रुपमा शिलान्यास गर्नुभयो । उक्त अस्पताल भवन निर्माणका लागि जापान सरकारले एक करोड नेपाली रुपैया सहयोग प्रदान गरेको छ ।

# उपप्रधानमन्त्री तथा भूमिसुधार तथा व्यवस्थापन मन्त्रीहरुसँग भेटवार्ता





नेपाल नेत्रज्योति संघका केन्द्रीय अध्यक्ष तथा पदाधिकारीहरुले गत मंसिर ८ गते नेपाल सरकारका उपप्रधान मन्त्री तथा अर्थमन्त्री माननीय कृष्णबहादुर महरा तथा भूमिसुधार तथा व्यवस्थापन मन्त्री माननीय बिक्रम पाण्डेसँग बेग्लाबेग्लै भेट गरी संघका गतिविधिहरुका बारेमा जानकारी गराउनुका साथै नेपालमा अन्धोपन निवारणमा संघले खेल्दै आएको भूमिकाका बारेमा जानकारी गराउनु भएको थियो। उक्त भेटका अवसरमा संघका केन्द्रीय अध्यक्ष प्रा.डा. तीर्थप्रसाद मिश्र महासचिव श्यामकुमार पोखरेल, केन्द्रीय सचिव भरतबहादुर चन्द तथा केन्द्रीय सदस्य सागरप्रताप राणाको पनि उपस्थिति रहेको थियो ।

## ट्रकोमासम्बन्धी सर्वेक्षण नतिजा सार्वजनिकीकरण कार्यक्रम




नेपाल नेत्रज्योति संघअन्तर्गतको ट्रकोमा कार्यक्रमले सञ्चालन गरेको trachoma surveillance survey को नतिजा जानकारी गराउने उद्देश्यले गत भाद्र १७ गते काठमाडौंमा एक कार्यक्रमको आयोजना गरिएको थियो। सन् २०१७ सम्ममा नेपालबाट ट्रकोमा रोगको उन्मूलन भएको घोषणा गर्ने लक्ष्यसहित सञ्चालन हुँदै आएको यस ट्रकोमा कार्यक्रमको प्रभावकारिता र उपलब्धिलाई उक्त सर्वेक्षणले सम्पुष्टि गरेको छ।

## दक्षिण दक्षिण सहयोग सम्मेलनमा सहभागिता

नेपाल नेत्रज्योति संघका केन्द्रीय अध्यक्ष प्रा.डा. तीर्थप्रसाद मिश्रले गत २०१६ को मार्च १० र ११ मा भारतको नयाँ दिल्लीमा सम्पन्न दक्षिण दक्षिण सहयोगसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (Conference on South-South Cooperation) मा भाग लिनुभएको थियो। भारतीय बिदेश मन्त्रालय तथा Research and information system for developing countries (RIS) को संयुक्त आयोजनामा सम्पन्न उक्त सम्मेलनमा बोल्दै अध्यक्ष प्रा.डा. मिश्रले नेपालको अन्धोपन निवारणमा भारत सरकारका तर्फबाट हुँदै आएको सहयोगका बारेमा चर्चा गनुहुँदै यसलाई दक्षिण दक्षिण सहयोगको एक राम्रो उदाहरणका रुपमा लिन सकिने बताउनु भयो।

## विश्व दृष्टि दिवसमा पत्रकार भेटघाट




हरेक वर्षझैं यस बर्ष पनि अक्टोवर महिनाको दोस्रो बिहिबार अर्थात् १३ अक्टोवरका दिन क्तचयलनभच त्यनभतजभचू को मूल नारासहित विश्व दृष्टि दिवस विश्वभरि मनाइयो। संघले पनि एक विशेष पत्रकार सम्मेलनको आयोजना गरेर दृष्टिविहिनताका विरुद्ध सूचना र सन्देश प्रवाह गर्दै यो दिवस मनाएको छ। उक्त दिन संघको केन्द्रीय कार्यालयमा आयोजना गरिएको पत्रकार सम्मेलनमा नेपालमा दृष्टिविहिनताको समस्या, दृष्टिविहिनता हुने कारणहरु, संघले हालसम्म निवारणयोग्य दृष्टिविहिनता न्यूनीकरणमा पुऱ्याउँदै आएको योगदान, बढदो दृष्टिविहिनता रोकथामका लागि भविष्यमा अवलम्बन गर्नुपर्ने रणनीतिहरुका बारेमा पत्रकारहरुलाई जानकारी प्रदान गरिनुका साथै एक मिनेटसम्म आँखामा सुन्तला रङको रिवन बाँधेर विश्व दृष्टिविहिनता अभियानमा ऐक्यवद्धतासमेत प्रदर्शन गरिएको थियो।संघका केन्द्रीय अध्यक्ष प्रा.डा. तीर्थप्रसाद मिश्र, महासचिव श्यामकुमार पोखरेल, केन्द्रीय पदाधिकारीहरु तथा कार्यालयका कर्मचारीहरुसमेतको सहभागितामा सम्पन्न उक्त कार्यक्रममा पत्रकारहरुका जिज्ञासाहरुलाई संघका अध्यक्ष तथा महासचिवले समाधान गर्नुभएको थियो।

## राष्ट्रिय ट्रकोमा कार्यक्रमको समीक्षा वैठक

नेपाल नेत्रज्योति संघले गत असार २३ गतेका दिन संघअन्तर्गत सञ्चालित राष्ट्रिय ट्रकोमा कार्यक्रमको वार्षिक समीक्षा वैठक सम्पन्न भयो। बैठक नेपाल नेत्रज्योति संघका केन्द्रीय अध्यक्ष प्रा.डा. तीर्थप्रसाद मिश्रज्यूको अध्यक्षतामा बसेको थियो।

बैठकमा संघका महासचिव श्यामकुमार पोखरेल, कोषाध्यक्ष बामदेव खनाल, कार्यक्रम निर्देशक शैलेसकुमार मिश्र, स्वास्थ्य मन्त्रालय, विश्व स्वास्थ्य संगठन, दात्री संस्थाका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो।

बैठकमा संघका कार्यक्रम निर्देशक शैलेसकुमार मिश्र तथा श्री शेखर शर्माले राष्ट्रिय ट्रकोमा कार्यक्रमले हालसम्म गरेको प्रगतिको विवरण प्रस्तुत गर्नुभएको थियो भने स्वास्थ्य मन्त्रालयका प्रतिनिधिहरु तथा विश्व स्वास्थ्य संगठनका नेपाल प्रतिनिधिले नेपाललाई ट्रकोमा मुक्त देश घोषणा गर्न गर्नुपर्ने पूर्वतयारीहरुका बारेमा जानकारी गराउनु भएको थियो।

बैठकमा आगामी दिनमा ट्रकोमा रोगको सम्भावना देखिएका जिल्लाहरुमा सेवाको निरन्तरताको स्वरुप कस्तो हुने बारे पनि छलफल गरिएको थियो। बैठकले नेपाललाई ट्रकोमा मुक्त घोषणा गरेपछिको अवस्थामा गर्नुपर्ने कार्यहरुका बारेमा पनि रणनीति तयार गर्नुपर्ने सुझाव दिइएको थियो।

## संघको भावी संरचनाका सम्बन्धमा अन्तर्क्रिया कार्यक्रम



नेपाल नेत्रज्योति संघले गत केन्द्रीय अधिवेशनको भावनाअनुसार नेपालको संविधान, २०७२ ले निर्धारण गरेको राज्यको संघीय संरचनाअनुरुप संघको साङ्गठनिक संरचना निर्माण गर्न विभिन्न क्षेत्रीय अन्तर्क्रिया कार्यक्रमहरुको आयोजना गरेको थियो । यसैअनुरुप जेष्ठ ८ गते बाँकेको नेपालगन्जमा, १६ गते रुपन्देहीको भैरहवामा, जेष्ठ २१ गते रौतहटको चन्द्रनिगाहपुरमा,  असार ४ गते कास्कीको पोखरामा, श्रावण २२ का दिन बिराटनगर आँखा अस्पतालमा यस्ता अन्तर्क्रिया कार्यक्रमहरु सम्पन्न गरिए । उक्त कार्यक्रमहरुमा नेपालको संविधानमा गरिएको संघ, प्रदेश र स्थानीय तहको संरचना, नेपाल नेत्रज्योति संघको हाल कायम रहेको संगठनको स्वरुप तथा संघीय संरचनामा जाँदा संघलाई आफ्ना सेवा तथा कार्यक्रम सञ्चालनमा पर्न जाने कठिनाईहरु तथा भावी साङ्गठिन स्वरुप कस्तो हुनुपर्छ भन्ने बारेमा छलफल गरी सुझाव संकलन गर्ने कार्य गरिएको थियो । उक्त अन्तर्क्रिया कार्यक्रमहरुमा प्रा.डा. घनश्याम भट्टराईले 'राज्यको संघीय संरचना र नेपाल नेत्रज्योति संघ' विषयमा प्रकाश पार्दै आफ्नो प्रस्तुतिकरण दिनुभएको थियो ।

## न्यूनदृष्टिसम्बन्धी आधारभूत तालिम सम्पन्न




नेपाल नेत्रज्योति संघअन्तर्गतको हिमालय आँखा अस्पताल, पोखराले गत असोज १२ देखि १४ गतेसम्म तीन दिने न्यूनदृष्टिसम्बन्धी आधारभूत तालिमको आयोजना गरेको थियो । संघको कास्की जिल्ला शाखा सभापति तथा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष प्रा.डा. दीलबहादुर क्षेत्रीले उद्घाटन गर्नुभएको उक्त तालिममा १४ वटा आँखा अस्पतालका नेत्र सहायक तथा अप्टोमेट्रिष्टहरुको सहभागिता रहेको थियो ।

## आई केयर फाउण्डेसनसँग सहयोगसमबन्धी सम्झौता सम्पन्न



नेपाल नेत्रज्योति संघ, समाज कल्याण परिषद तथा आई केयर फाउण्डेसनबीच गत १ भाद्र २०७३ का दिन गण्डकी,  धवलागिरी आँखा उपचार कार्यक्रम (Gandaki Dhaulagiri Eye care Program) का लागि सहयोग सम्बन्धी एक सम्झौता पत्रमा हस्ताक्षर सम्पन्न भयो । उक्त सम्झौताअनुसार आई केयर फाउण्डेसनले उक्त कार्यक्रमको सञ्चालनका लागि आर्थिक सहयोग उपलब्ध गराउने छ । सन् १९८४ देखि नै फाउण्डेसनले संघलाई गण्डकी, धौलागिरी तथा कर्णाली अञ्चलमा आँखा स्वास्थ्य सेवाका लागि सहयोग गर्दै आएको छ ।

## नवनियुक्त स्वास्थ्य मन्त्रीसँग भेट



नेपाल नेत्रज्योति संघका केन्द्रीय पदाधिकारीहरुले गत भाद्र १५ गते नेपाल सरकारका नवनियुक्त स्वास्थ्य मन्त्री माननीय गगन थापासँग शिष्टाचार भेट गर्नुभयो । उक्त भेटमा संघका केन्द्रीय अध्यक्ष प्रा.डा. तीर्थप्रसाद मिश्र, महासचिव श्यामकुमार पोखरेल तथा कार्यक्रम निर्देशक शैलेसकुमार मिश्र सहभागी हुनुहुन्थ्यो । उक्त भेटका अवसरमा अध्यक्ष प्रा.डा. मिश्रले संघका गतिविधिहरु तथा अन्धोपन निवारणका क्षेत्रमा संघले पुर्‍याउँदै आएको योगदानका  बारेमा माननीय मन्त्रीज्यूलाई जानकारी गराउनु भएको थियो ।

## कोर्नियासम्बन्धी अन्तर्राष्ट्रिय गोष्ठी




गत १३ अगष्ट (२९ श्रावण) मा चितवनमा कोर्नियासम्बन्धी एक गोष्ठी सम्पन्न भएको थियो। भरतपुर आँखा अस्पतालको आयोजनामा सम्पन्न उक्त गोष्ठीको संघका केन्द्रीय अध्यक्ष प्रा.डा. तीर्थप्रसाद मिश्रले उद्घाटन गर्नुभएको थियो। नेपालको अन्धोपन सर्वेक्षणअनुसार मोतीबिन्दुपछि दृष्टिविहिनताको दोस्रो प्रमुख कारण आँखाको नानी (कोर्निया) मा चोटपटक लागेर हुने घाउ रहेको पाइएको सन्दर्भमा यो गोष्ठी निकै महत्वपूर्ण रहेको थियो। यस गोष्ठीले कोर्नियासम्बन्धी विविध समस्या र तिनको निदानका सम्बन्धमा बृहत् र महत्वपूर्ण छलफल गरेको थियो।

## संघ तथा सुदूरपश्चिमाञ्चल विश्वविद्यालयबीच समझदारी




नेपाल नेत्रज्योति संघ तथा सुदूरपश्चिमाञ्चल विश्वविद्यालयबीच प्राज्ञिक कार्यक्रमहरुको सबलीकरण तथा आँखा स्वास्थ्य जनशक्ति विकाससम्बन्धी एक समझदारीपत्रमा हस्ताक्षर भएको छ। गत श्रावण १९ गते धनगढीको गेटास्थित गेटा आँखा अस्पतालमा सम्पन्न उक्त समझदारीपत्रमा संघका अध्यक्ष प्रा.डा. तीर्थप्रसाद मिश्र तथा विश्वविद्यालयका तर्फबाट उपकुलपति प्रा. भूषण श्रेष्ठले हस्ताक्षर गर्नुभएको थियो। यस समझदारीले सुदूरपश्चिम क्षेत्रका साथै मुलुकमै आवश्यक आँखा जनशक्तिको कमीलाई पूरा गर्न सघाउ पुग्ने विश्वास गरिएको छ।

## नयाँ आँखा उपचार केन्द्रहरूको स्थापना



आँखा स्वास्थ्य सेवालाई बढीभन्दा बढी जनताको पहुँचमा पुऱ्याउने उद्देश्यले नेपाल नेत्रज्योति संघले आफ्ना सेवाहरुको बिस्तार गर्दै गएको छ। यसैअनुरुप गत श्रावण २४ र २५ गते मोरङको उर्लाबारी, झापाको चारआली (शनिअर्जुन(९) तथा इलामको फिक्कलमा नयाँ आँखा उपचार केन्द्रहरुको उद्घाटन सम्पन्न भएको छ। यी आँखा उपचार केन्द्रहरुको उद्घाटन संघका केन्द्रीय अध्यक्ष प्रा.डा. तीर्थप्रसाद मिश्रले गर्नुभएको थियो। कार्यक्रममा संघका महासचिव श्यामकुमार पोखरेल, केन्द्रीय सदस्यहरु द्रोण गुरागाईं, पद्मनारायण चौधरी, कार्यक्रम निर्देशक शैलेसकुमार मिश्रलगायतको उपस्थिति रहेको थियो।

## बाह्य विकास साझेदारहरूसँग अन्तर्क्रिया




नेपाल नेत्रज्योति संघले गत श्रावण १ गते संघको केन्द्रीय कार्यालयमा आँखा स्वास्थ्यका क्षेत्रमा संघलाई सहयोग गर्दै आएका बाह्य विकास साझेदारका प्रतिनिधिहरुसँग एक अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेको थियो। उक्त अन्तर्क्रियामा विशेषतः मुलुक संघीय ढाँचामा गइसकेको अवस्थामा अव संघले आफ्नो सांगठनिक संरचनालाई कसरी पुनर्संरचना गर्नु उपयुक्त हुन्छ भन्ने बारे छलफल गरिएको थियो। कार्यक्रममा प्रा.डा. घनश्याम भट्टराईले संविधानमा भएको राज्यको संरचना, स्वास्थ्यसम्बन्धी व्यवस्था, संघले हाल प्रदान गरिरहेका सेवा र राज्यको संरचनाअनुसार तिनको वितरणको स्थिति तथा संघको पुनसंरचना गर्दा पर्ने असरहरुका बारेमा जानकारी गराउनु भएको थियो।

# विभिन्न जिल्लामा कार्यसमिति गठन

**बर्दिया**

नेपाल नेत्रज्योति संघको बर्दिया शाखामा नयाँ तदर्थ कार्यसमितिको गठन भएको छ। नवगठित तदर्थ कार्यसमितिमा देहायबमोजिमका सदस्यहरू रहनुभएको छ।

१) संयोजक गोपालप्रसाद पौडेल
२) सदस्य लोकमणि आत्रेय
३) " बाबुराम पौडेल
४) " शिवदत्त लामिछाने
५) " देवेन्द्र तिमिल्सेन
६) " राधिका बोहरा
७) " मेघबहादुर गुरुङ
८) " होमबहादुर के.सी.
९) " खेमप्रसाद पौडेल
१०) " कृष्णप्रसाद पराजुली
११) " केदार सिग्देल
१२) " खगराज शर्मा
१३) " गोविन्द पाण्डे

**अर्घाखाँची**

नेपाल नेत्रज्योति संघको अर्घाखाँची शाखामा नयाँ कार्यसमितिको गठन भएको छ। वि.सं. २०७२ चैत २७ गते सम्पन्न निर्वाचनमा देहायबमोजिमका सदस्यहरू कार्यसमितिमा निर्विरोध निर्वाचित हुनुभएको छ।

१) सभापति दलबहादुर के.सी.
२) सदस्य नारायण प्रसाद खनाल
३) " लीलामणि ढुङ्गाना
४) " देवलाल श्रेष्ठ
५) " खुमलाल पौडेल
६) " उमेश घिमिरे
७) " जगन्नाथ भुसाल
८) " नेत्रप्रसाद भुसाल
९) " हरिप्रसाद दोमासे
१०) " युवराज श्रेष्ठ
११) " प्रेमनारायण भुसाल
१२) " लक्ष्मण कँडेल
१३) " माया घिमिरे

**बैतडी**

नेपाल नेत्रज्योति संघको बैतडी शाखामा नयाँ कार्यसमितिको गठन भएको छ। वि.सं. २०७२ कार्तिक १२ गते सम्पन्न निर्वाचनमा देहायबमोजिमका सदस्यहरू कार्यसमितिमा निर्विरोध निर्वाचित हुनुभएको छ।

१) सभापति विष्णुदत्त जोशी
२) सदस्य जानकी भट्ट
३) " बलराम सिंह बिष्ट
४) " लक्ष्मीदत्त पाण्डेय
५) " हरिप्रसाद खत्री
६) " केशवराज वन्त
७) " जयसिंह बिष्ट
८) " जयराज पौडेल
९) " गणेशदत्त भट्ट
१०) " तेजबहादुर चन्द
११) " चक्रसिंह बिष्ट
१२) " रमेशदत्त पाण्डेय
१३) " सिद्धराज भट्ट

**गोरखा**

नेपाल नेत्रज्योति संघको गोरखा शाखामा नयाँ कार्यसमितिको गठन भएको छ। वि.सं. २०७२ फागुन १४ गते सम्पन्न निर्वाचनमा देहायबमोजिमका सदस्यहरू कार्यसमितिमा निर्विरोध निर्वाचित हुनुभएको छ।

१) सभापति पोबनाथ घिमिरे
२) सदस्य रामबाबु जोशी
३) " शितलकाजी मास्के
४) " बाबुराम रोका
५) " सरोज अर्याल
६) " कपिलबाबु अर्याल
७) " भाईचन्द्र श्रेष्ठ
८) " धीरजबहादुर मास्के
९) " भेषबहादुर खडका
१०) " संगीता मास्के
११) " रामकुमार श्रेष्ठ
१२) " रुपबाबु जोशी
१३) " देबु श्रेष्ठ मास्के

**हुम्ला**

नेपाल नेत्रज्योति संघको हुम्ला शाखामा नयाँ कार्यसमितिको गठन भएको छ। वि.सं. २०७२ श्रावण ९ गते सम्पन्न निर्वाचनमा देहायबमोजिमका सदस्यहरू कार्यसमितिमा निर्विरोध निर्वाचित हुनुभएको छ।

१) सभापति नरबहादुर रोकाया
२) सदस्य छेपाल दोर्जे लामा
३) " भियाले रोकाया
४) " बाँचबहादुर रावत
५) " भैरवबहादुर लामा
६) " दलबहादुर शाही
७) " गोकुल बुढा
८) " मुयाला रावत
९) " कृष्णबहादुर हमाल
१०) " बिजया बुढा
११) " सोबर्णे रोकाया
१२) " हरिबहादुर रावत
१३) " जय बोहोरा

**प्यूठान**

नेपाल नेत्रज्योति संघको प्यूठान शाखामा नयाँ कार्यसमितिको गठन भएको छ। वि.सं. २०७३ भाद्र २५ गते सम्पन्न निर्वाचनमा देहायबमोजिमका सदस्यहरू कार्यसमितिमा निर्विरोध निर्वाचित हुनुभएको छ।

१) सभापति अर्जुनबहादुर कक्षपति
२) सदस्य निर्मललाल श्रेष्ठ
३) " बसन्त शाक्य
४) " सुलोचना श्रेष्ठ
५) " केशव कर्माचार्य
६) " दामोदर शर्मा
७) " भगत बहादुर कर्माचार्य
८) " गुमाराज पुलामी
९) " पुतला बिष्ट
१०) " सुभाष चन्द्र लवट
११) " निमनारायण नकर्मी
१२) " लक्ष्मीप्रकाश राजभण्डारी
१३) " दीपकलाल श्रेष्ठ

**महोत्तरी शाखामा नयाँ कार्यसमिति गठन**

नेपाल नेत्रज्योति संघको महोत्तरी शाखामा नयाँ कार्यसमितिको गठन भएको छ। वि.सं. २०७३ श्रावण १५ गते सम्पन्न निर्वाचनमा देहायबमोजिमका सदस्यहरू कार्यसमितिमा निर्विरोध निर्वाचित हुनुभएको छ।

१) सभापति दिपककुमार मिश्र
२) सदस्य नायडु नेपाली
३) " निलम शर्मा
४) " बिजयकुमार गुप्ता
५) " अमरनाथ कुँवर
६) " श्यामनन्दन प्रसाद
७) " प्रल्हादप्रसाद साह
८) " प्रदीपकुमार खडका
९) " केशवप्रसाद पोखरेल
१०) " सुरेशकुमार लाल
११) " रामेश्वर ठाकुर
१२) " मोतिफूल खाँ
१३) " रामसिंहासन पाण्डेय

**मुगु शाखामा नयाँ तदर्थ कार्यसमिति गठन**

नेपाल नेत्रज्योति संघको मुगु शाखामा नौ सदस्यीय नयाँ तदर्थ कार्यसमितिको गठन भएको छ। तदर्थ कार्यसमितिमा देहायबमोजिमका सदस्यहरू रहनुभएको छ।

१) संयोजक तीलकबहादुर मल्ल
२) सदस्य सरिता रोकाया
३) " जयबहादुर मल्ल
४) " बलबहादुर बुढ थापा
५) " हरिहर चौलागाई
६) " मेदक फुटिक लामा
७) " नवराज चौलागाई
८) " राजबहादुर शाही
९) " जयपुरा कार्की

**कञ्चनपुर शाखामा तदर्थ कार्यसमिति गठन**

नेपाल नेत्रज्योति संघको कञ्चनपुर शाखामा तदर्थ कार्यसमितिको गठन भएको छ। उक्त तदर्थ कार्यसमितिमा देहायबमोजिमका सदस्यहरू रहनुभएको छ।

१) संयोजक डा. भोजराज पन्त
२) सदस्य टेकराज भारती
३) " वसन्तराज पाण्डे
४) " दयाकृष्ण जोशी
५) " असोकप्रसाद पाण्डे
६) " दीपकराज चालिसे
७) " मीना पाठक
८) " तेजसिंह के.सी.
९) " गणेशराज बोहरा

**रुकुम शाखामा नयाँ कार्यसमिति गठन**

नेपाल नेत्रज्योति संघको रुकुम शाखामा नयाँ कार्यसमितिको निर्वाचन भएको छ। उक्त कार्यसमितिमा देहायबमोजिमका सदस्यहरू निर्वाचित हुनुभएको छ।

१) सभापति शिवराम खत्री
२) सदस्य खिमबहादुर खड्का
३) " लोकेन्द्रबहादुर बुढाथोकी
४) " शरद गौतम
५) " दिपकराज खड्का
६) " यज्ञबहादुर के.सी.
७) " जीतबहादुर खड्का
८) " शारदा पुन
९) " तारा चन्द
१०) " रुद्रगोपाल डाँगी
११) " दुर्गा बि.सी.
१२) " तेजबहादुर खत्री
१३) " टेकबहादुर कुसारी

**डोटी शाखामा तदर्थ कार्यसमिति गठन**

नेपाल नेत्रज्योति संघको डोटी शाखामा तदर्थ कार्यसमितिको गठन भएको छ। उक्त तदर्थ कार्यसमितिमा देहायबमोजिमका सदस्यहरू रहनुभएको छ।

१) संयोजक गोविन्द जोशी
२) सदस्य गणेशबहादुर कुञ्जेडा
३) " मुकुन्दबहादुर राना
४) " प्रेमबहादुर भण्डारी
५) " बाबुराजा श्रेष्ठ
६) " गणेशदत्त भट्ट
७) " अनन्तबहादुर कठायत

## महासचिव पोखरेल सम्मानित



नेपाल नेत्रज्योति संघका केन्द्रीय महासचिव श्यामकुमार पोखरेल वीरगन्जमा सम्मानित हुनुभएको छ । गत कार्तिक २६ गते पर्सा मिलन केन्द्र, वीरगन्जले स्वास्थ्य क्षेत्रमा वहाँले पु¥याउनु भएको उल्लेखनीय योगदानका लागि सम्मानित गरेको थियो ।

## पद्मनारायण चौधरीलाई ACOIN AWARD २०१६

नेपाल नेत्रज्योति संघका केन्द्रीय सदस्य एवं सभासद् माननीय पद्मनारायण चौधरीलाई भारतस्थित Association of Community Ophthalmologist of India ले Dr. R.P.Pokhrel Indo Nepal ACOIN AWARD, 2016 पुरस्कार प्रदान गरेको छ । आँखा स्वास्थ्यका क्षेत्रमा लामो समयदेखि क्रियाशील एवं सगरमाथा चौधरी आँखा अस्पतालका प्रमुख दाता परिवारका सदस्यसमेत रहनुभएका माननीय चौधरीलाई हालै भारतको त्रिचिमा सम्पन्न उक्त संस्थाको वार्षिक अधिवेशनमा सो पुरस्कार प्रदान गरिएको थियो ।

## डा. इन्द्र महर्जनलाई अन्तर्राष्ट्रिय सम्मान



हिमालय आँखा अस्पतालका चिफ मेडिकल डाइरेक्टर डा. इन्द्रमान महर्जनलाई Asia Pacific Academy को २०१६ मार्च २४ देखि २९ सम्म Taiwan मा सम्पन्न कार्यक्रममा Distinguished Service Award बाट सम्मानित गरिएको थियो ।

## IAPB को दक्षिण पूर्वी एशियाको क्षेत्रीय बैठकमा सहभागिता



"Universal Eye Health: A global action plan 2014-2019" को कार्यान्वयनका सम्बन्धमा दक्षिण पूर्वी एशियाका सदस्य राष्ट्रका IAPB प्रतिनिधिहरुको तेस्रो क्षेत्रीय बैठक गत १९ जुलाई २०१६ मा इन्डोनेसियाको बोगोरमा सम्पन्न भएको थियो । उक्त बैठकमा संघका केन्द्रीय अध्यक्ष प्रा.डा. तीर्थप्रसाद मिश्र, महासचिव श्यामकुमार पोखरेल, कार्यक्रम निर्देशक शैलेसकुमार मिश्रले सहभागिता जनाउनु भएको थियो ।

## डा. ताकेशीसँग भेटवार्ता



गत ३० मईमा नेपाल नेत्रज्योति संघको केन्द्रीय कार्यालयमा जापानको तोकुशिमा विश्वविद्यालयका डा. ताकेसी नाइतो तथा श्रीमती मिकी उप्रेतीसँग भेटवार्ता सम्पन्न भएको थियो । उक्त भेटका अवसरमा उक्त विश्वविद्यालय तथा जापानको अन्तर्राष्ट्रिय सहयोग संस्था जाइकाबाट हिमालय आँखा अस्पताल, पोखरामा रेटिना सेवालाई प्रभावकारी र थप सुदृढ गर्ने कार्यमा हुनसक्ने सहयोगका बारेमा छलफल भएको थियो ।

## डा. सुजाने गिल्वर्टबाट संघको कार्यालयको भ्रमण




सेवा फाउण्डेसनका वरिष्ठ निर्देशक डा. सुजाने गिल्वर्टले गत ६ जुन २०१६ मा संघको केन्द्रीय कार्यालयको भ्रमण गर्नुभएका थियो । उक्त अवसरमा प्रा.डा. तीर्थप्रसाद मिश्रले डा. गिल्वर्टलाई " IAPB Regional Chair, North America" मा निर्वाचित हुनुभएकोमा बधाई दिनुभएको थियो ।

## आँखा अस्पतालका व्यवस्थापकहरूसँग अन्तर्क्रिया



नेपाल नेत्रज्योति संघअन्तर्गतसञ्चालित आँखा अस्पतालहरुका व्यवस्थापकहरुसँग गत आषाढ ५ गते संघको केन्द्रीय कार्यालयमा एक अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा जिल्ला स्तरमा विश्व स्वास्थ्य संगठनको नयिदर्बा ब्अतष्यल एबिल को कार्यान्वयनको विद्यमान स्थिति , संघको विद्यमान सांगठनिक संरचना र यसमा गर्नुपर्ने सुधार तथा अस्पतालका समस्या र चुनौतीहरुलाई सामना गर्ने विधिका बारेमा अस्पताल व्यवस्थापकहरुसँग छलफल गरिएको थियो ।

## वार्षिक योजना बैठक सम्पन्न




गत बैशाख २३ र २४ गते गण्डकी, धौलागिरी, कर्णाली तथा मेची आँखा कार्यक्रमको वार्षिक योजना कार्यशाला गोष्ठी पोखरामा सम्पन्न भयो । संघका केन्द्रीय महासचिव श्यामकुमार पोखरेलले उद्घाटन गर्नुभएको सो गोष्ठीमा उक्त कार्यक्रमको वार्षिक योजनाका बारेमा छलफल भएको थियो ।

### स्वागत कार्यक्रम

कर्णालीकी आमाको रुपमा सुपरिचित Dr. Margret Hogeweg लाई हालै २१ सेप्टेम्बरका दिन संघको केन्द्रीय कार्यालयमा स्वागत गरियो । कर्णाली क्षेत्रमा अन्धोपन न्यूनीकरणमा वहाँको योगदान र सहयोग उदाहरणीय र प्रशंशनीय रहेको छ । उक्त स्वागत कार्यक्रममा संघका अध्यक्ष प्रा.डा. तीर्थप्रसाद मिश्रले म्वा ज्यनभधभन को योगदानको चर्चा गर्दै वहाँलाई संघको कार्यालयमा स्वागत गर्न पाउँदा खुसी लागेको बताउनु भयो ।

## समीक्षा बैठक सम्पन्न



नेपाल नेत्रज्योति संघ केन्दीय अध्यक्ष प्रा.डा. तीर्थप्रसाद मिश्रको अध्यक्षतामा गत असार ३ गते पोखरास्थित हिमालय आँखा अस्पतालमा बाग्लुङ शाखा, हिमालय आँखा अस्पताल तथा आइ केयर फाउण्डेसनको सहभागितामा बाग्लुङमा आँखा अस्पताल निर्माण तथा सञ्चालनसम्बन्धी सम्झौताको कार्यान्वयन स्थितिका बारेमा समीक्षा बैठक सम्पन्न भयो । उक्त बैठकमा संघका महासचिव श्यामकुमार पोखरेल, कार्यक्रम निर्देशक शैलेसकुमार मिश्र, हिमालय आँखा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष प्रा.डा. दीलबहादुर क्षेत्री, अस्पतालका मेडिकल डाइरेक्टर डा. इन्द्र महर्जन, बाग्लुङ शाखाका सभापति तथा पदाधिकारीहरु र आइ केयर फाउण्डेसनका नेपाल प्रतिनिधि अनिल गोर्खालीलगायतको सहभागिता रहेको थियो ।

## मुगुको अवलोकन भ्रमण



संघका केन्द्रीय अध्यक्ष प्रा.डा. तीर्थप्रसाद मिश्रको नेतृत्वमा एक केन्द्रीय प्रमण्डलले गत जेठ ९ गते मुगु जिल्लाको अवलोकन भ्रमण गरेको थियो । भ्रमण दलमा संघका महासचिव श्यामकुमार पोखरेल, केन्द्रीय सदस्य प्रा.डा. दीलबहादुर क्षेत्री तथा कार्यक्रम निर्देशक शैलेसकुमार मिश्र सहभागी हुनुहुन्थ्यो । भ्रमणका क्रममा गमगढीस्थित संघको तदर्थ शाखा कार्यालयमा शाखाका तदर्थ सभापति तीलकबहादुर मल्लले शाखाको गठन तथा यसका गतिविधिहरुको बारेमा पदाधिकारीहरुलाई जानकारी गराउनु भएको थियो । उक्त जिल्लाको एक मात्र आँखा उपचार केन्द्र रेडक्रस सोसायटीसँगको समन्वयमा हिमालय आँखा अस्पताल, पोखराअन्तर्गत सञ्चालित छ ।

## वार्षिक योजना बैठक सम्पन्न




संघअन्तर्गतका आँखा स्वास्थ्य सेवा प्रदायक संस्थाहरु क्रमशः गौर आँखा अस्पताल, गौर, आर.एम. केडिया आँखा अस्पताल, वीरगंज, भरतपुर आँखा अस्पताल, भरतपुर, डा. रामप्रसाद पोख्रेल आँखा अस्पताल, धनकुटा तथा आँखा उपचार केन्द्र, ताप्लेजुङ र आँखा उपचार केन्द्र, संखुवासभाको वार्षिक योजना बैठक गत आषाढ २४ गते हेटौडामा सम्पन्न भयो। उक्त बैठकको अध्यक्षता संघका केन्द्रीय महासचिव श्यामकुमार पोखरेलले गर्नुभएको थियो। बैठकमा मध्यमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशक डा. रमेश बिक्रम सिंह प्रमुख अतिथिका रुपमा उपस्थित हुनुहुन्थ्यो।

## आँखा अस्पतालका चिफ मेडिकल डाइरेक्टर तथा मेडिकल सुपरिटेन्डेन्टसँग अन्तर्क्रिया



संघअन्तर्गतसञ्चालित आँखा अस्पतालहरुका चिफ मेडिकल डाइरेक्टर तथा मेडिकल सुपरिटेन्डेन्टहरुसँग गत आषाढ ११ गते संघको केन्द्रीय कार्यालयमा एक अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको थियो। उक्त कार्यक्रममा विश्व स्वास्थ्य संगठनको Global Action एबिल को कार्यान्वयनको स्थिति र यसमा चिफ मेडिकल डाइरेक्टर तथा मेडिकल सुपरिटेन्डेन्टहरुको भूमिका बारेमा छलफल गरिएको थियो। कार्यक्रममा संघले आफ्नो सांगठनिक संरचनालाई परिवर्तन गर्दा यसबाट आँखा अस्पतालहरु र तिनको सेवामा पर्न जाने असरका बारेमा समेत छलफल भएको थियो।

## अस्पताल व्यवस्थापन समितिका अध्यक्षसँगको अन्तर्क्रिया



संघअन्तर्गतसञ्चालित आँखा अस्पतालहरुका व्यवस्थापन समितिका अध्यक्षहरुसँग गत आषाढ २ गते संघको केन्द्रीय कार्यालयमा एक अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको थियो। उक्त कार्यक्रममा मुख्यतः मुलुक संघीय संरचनामा गइसकेको अवस्थामा अब संघले आफ्नो सांगठनिक संरचनालाई परिवर्तन गर्दा यसबाट आँखा अस्पतालहरु र तिनले संचालन गर्दै आएका सेवा क्षेत्रहरुमा पर्न जाने असरका बारेमा छलफल केन्द्रित रहेको थियो। कार्यक्रममा प्रा.डा. घनश्याम भट्टराईले नेपालको संविधानमा राज्यको संरचना, स्वास्थ्य सेवाको क्षेत्राधिकार तथा संघको सांगठनिक व्यवस्थाका बारेमा प्रकाश पार्नु भएको थियो।

## राष्ट्रिय न्यूनदृष्टि समीक्षा गोष्ठी सम्पन्न




गत आषाढ १६ गते बिराटनगर आँखा अस्पतालमा राष्ट्रिय न्यूनदृष्टि समीक्षा गोष्ठी सम्पन्न भयो। संघका महासचिव श्यामकुमार पोखरेलको अध्यक्षतामा सम्पन्न उक्त गोष्ठीले न्यूनदृष्टि कार्यक्रमको क्षेत्रलाई जिल्ला तहसम्म विस्तार गर्ने तथा आँखा अस्पतालहरु, शिक्षा क्षेत्र र समुदाय तहसम्म कसरी समन्वय गर्ने भन्ने बारेमा छलफल गरेको थियो।

संरक्षक
प्रा. डा. रामप्रसाद पोख्रेल

अतिथि सम्पादक
डा. घनश्याम भट्टराई

प्रकाशन समिति
प्रा. डा. तीर्थप्रसाद मिश्र
श्यामकुमार पोखरेल
शैलेशकुमार मिश्र